नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: 220

मितिः २०८२/०९/२३
नेपाल संवत् ११४६

विषयः राष्ट्रिय योग दिवस, २०८२ मनाउने सम्वन्धमा।

श्री गाउँपालिका, (सबै)।
श्री नगरपालिका, (सबै)।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको प.सं. २०८२/०८३, च.नं. ८७७, मिति २०८२/०९/१८ को राष्ट्रिय योग दिवस, २०८२ मनाउने सम्बन्धी पत्र र सोसाथ प्राप्त राष्ट्रिय योग दिवस, २०८२ मूल समारोह उपसमिति बैठकको निर्णय आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

बोधार्थः
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नं:- ४२००३०४
ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार,
काठमाडौं नेपाल ।

पत्र संख्या:- ०८२।८३
चलानी नं.:- ८६६

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २२८६ मिति : २०८२।०९।१८
दर्ता मिति:- ९।२९ नेपाल सम्बत् ११४६

विषय : राष्ट्रिय योग दिवस २०८२ मनाउने सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

हरेक वर्ष माघ १ गतेलाई राष्ट्रिय योग दिवसको रुपमा मनाइँदै आइरहेको बेहोरा विदितै छ । यस वर्षको राष्ट्रिय योग दिवस २०८२ ( माघ ०१ गते) सार्थक र योगको मर्म अनुरुप मनाउने सन्दर्भमा शिक्षा सचिवज्यूको अध्यक्षतामा बसेको राष्ट्रिय योग दिवस २०८२, मूल समारोह उपसमितिको बैठकबाट **"स्वस्थ समाज, समृद्ध नेपाल र विश्व शान्तिका लागि योग"** भन्ने आदर्श वाक्यका साथ आ-आफ्नो परिवेश अनुकुलका विविध कार्यक्रमसाथ सबै स्थानीय तहमा मनाउन सबै स्थानीय तहहरूलाई आवश्यक समन्वय र पत्राचारका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय भएबमोजिम सबै स्थानीय तहहरूमा आवश्यक समन्वय र पत्राचार गरिदिनु हुन राष्ट्रिय योग दिवस २०८२ मूल समारोह उपसमितिको मिति २०८२।०९।१७ को निर्णयानुसार अनुरोध छ ।

.................
अनिता निरौला
सहसचिव

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

राष्ट्रिय योग दिवस २०८२ माघ १

मूल समारोह उपसमिति बैठकको निर्णय

मितिः २०८२ पौष १७ गते बिहिबार

बैठकका एजेण्डा

१) राष्ट्रिय योग दिवस २०८२ को आदर्श वाक्य सम्वन्धमा

२) योग दिवस मनाउने कार्यक्रम र समयका सम्बन्धमा

३) योग दिवस मनाउन विभिन्न निकाय एवम संस्थासँग समन्वय सम्वन्धमा

४) सप्ताहव्यापी रूपमा विभिन्न सघसंस्थाले मनाउने योग दिवसका कार्यक्रमको सहजीकरण सम्वन्धमा

५) अन्य विविध

निर्णयहरु :

१) राष्ट्रिय योग दिवस, २०८२ मनाउने सन्दर्भमा विगत वर्षमा तय गरिएको आदर्श वाक्य "स्वस्थ समाज, समृद्ध नेपाल र विश्व शान्तिका लागि योग" निरन्तर प्रयोग गर्ने ।

२) राष्ट्रिय योग दिवस, २०८२ मनाउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नेतृत्वमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग र योग ध्यान आरोग्य सञ्जालको व्यवस्थापकीय सहकार्यमा मूल समारोहको कार्यक्रम आयोजना गर्ने ।

३) मूल समारोहको कार्यक्रममा प्रमुख आतिथ्यताको लागि सम्माननीय प्रधानमन्त्रीज्यूलाई अनुरोध गर्ने।

४) राष्ट्रिय योग दिवस, २०८२ सबै मन्त्रालयहरुले मनाउन र आ-आफ्ना प्रदेश तथा स्थानीय तहका निकायहरुमा मनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत सबै मन्त्रालयहरुमा आवश्यक समन्वय र पत्राचारका लागि अनुरोध गर्ने।

५) प्रदेश तहमा राष्ट्रिय योग दिवस २०८२ मनाउने सम्बन्धमा सबै प्रदेश सरकारहरूलाई आवश्यक समन्वय र पत्राचारका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्ने।

६) स्थानीय तहमा राष्ट्रिय योग दिवस २०८२ मनाउने सम्बन्धमा सबै स्थानीय तहहरूलाई आवश्यक समन्वय र पत्राचारका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने।

७) विश्वव्यापी रुपमा राष्ट्रिय योग दिवस २०८२ मनाउने सम्बन्धमा सबै विदेशस्थित नेपाली कुटनीतिक नियोगहरुमा आवश्यक समन्वय र पत्राचारका लागि परराष्ट्र मन्त्रालयमा अनुरोध गर्ने ।

चूडामणि पौडेल
सचिव

८) राष्ट्रिय योग दिवस २०८२ जिल्ला स्तरमा मनाउने सन्दर्भमा नेपाल सरकार मन्त्रिपरिषद्को
मिति २०७२।०२।२६ को निर्णय अनुसार नै प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा अन्य
सदस्यहरू प्रमुख जिल्ला अधिकारीले नै तोक्नेगरी जिल्लास्तरीय समारोह समिति गठन गर्ने
व्यवस्था भएकोले जिल्ला तहमा सोही बमोजिम हुनेगरी योग दिवस मनाउन सबै जिल्ला प्रशासन
कार्यालयहरुमा लेखी पठाउन गृह मन्त्रालयमा अनुरोध गर्ने र आवश्यक कार्यार्थ सो को
जानकारी शिक्षा तथा मानवस्रोत विकास केन्द्र मार्फत् सबै शिक्षा विकास तथा समन्वय
इकाइहरूलाई लेखी पठाउने ।

९) राष्ट्रिय योग दिवस, २०८२ मनाउन आयोजना हुने मूल समारोहको कार्कममा योग ध्यान सम्बद्ध
सबै संघसंस्थहरुबाट अधिकतम रुपमा सहभागी गराइ आ आफ्ना संघसंस्थाबाट कुसन, म्याट
तथा त्रिपालको व्यवस्था मिलाउने ।

१०) योग तथा ध्यानसँग सम्वन्धित संस्थाहरूले ससाहव्यापी रुपमा आ-आफ्नो अनुकूल हुने गरी
दिवस मनाउने, स्थानीयस्तरमा क्रियाशील योग तथा ध्यानसँग सम्वन्धित संस्थाहरूले नजिकको
पायक पर्ने विद्यालयमा कम्तिमा १ घण्टाको योगध्यान सम्बन्धी प्रवचन एवम् अभ्यास गर्ने
गराउने र यस सम्वन्धी जानकारी मन्त्रालयमा गराउने ।

११) प्रधानाध्यापक संघ नेपालको संयोजनमा सबै विद्यालयका प्रधानाध्यापकहरुमा सूचना संप्रेषण
गरी विद्यालयमा नजिकका योग तथा ध्यानसँग सम्वन्धित संस्थाहरूसंग समन्वय गरी योग
ध्यान गराउन अनुरोध गर्ने ।

१२) ससाहव्यापी राष्ट्रिय योग दिवस, २०८२ का कार्यक्रमहरूलाई प्राथमिकताका साथ प्रचार प्रसार
गरिदिन र आफ्ना सञ्चार माध्यमवाट सो अवधिमा हुने वहस तथा छलफलमा योगका
विषयवस्तुहरू समावेश गर्ने सम्बन्धमा सञ्चार माध्यमहरूलाई पत्राचार गरिदिन सार्वजनिक सेवा
प्रसारण नेपाल, रासस र नेपाल पत्रकार महासंघलाई अनुरोध गर्ने ।

१३) राष्ट्रिय योग दिवस, २०८२का सम्बन्धमा रेडियो नेपाल र नेपाल टेलिभिजनमार्फत शैक्षिक
कार्यक्रमसंग समन्वय गरी प्रचार प्रसार र प्रत्यक्ष अन्तर्वार्ता तथा परिसंवाद कार्यक्रम सञ्चालन
गर्न शिक्षा तथा मानव स्रोत विकास केन्द्रले आवश्यक संयोजन गर्ने ।

चूडामणि पौडेल
सचिव